## अमृत क्याम्पसका सहायक क्याम्पस प्रमुख उपर भएको कारवाही बदर सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ बमोजिम भएको आदेश सम्बन्धी

## प्रेस विज्ञप्ति

नुवाकोट जिल्ला, पञ्चकन्या गा. पा.- २ निवासी श्री रवीन्द्र सिंह महतबाट सार्वजनिक सञ्चार माध्यममा क्याम्पसमा भइरहेको अनियमिततासँग सम्बन्धित सूचना सार्वजनिक गरेको अभियोगमा विज्ञान तथा प्रविधि अध्ययन संस्थान, अमृत क्याम्पसले आफूलाई सहायक क्याम्पस प्रमुखको जिम्मेवारीबाट हटाई निलम्बन गरेको हुँदा निलम्बनमा राख्ने भनी गरेको एवम् कारबाहीको सम्पूर्ण निर्णय बदर गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (२९) को उपदफा (४) बमोजिम सूचनादाताको संरक्षण गरी उपदफा (५) बमोजिम आफ्नो जिम्मेवारीमा यथावत कार्य गर्ने गरी साविककै जिम्मेवारी र सेवासुविधा समेत उपलब्ध गराई क्षतिपूर्तिसमेत भराई पाऊँ भनी आयोगमा मिति २०७९।०६।०६ मा उजुरी गरिएको थियो ।

नेपालको संविधान, २०७२ को धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (१) मा सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ र उपदफा (३) मा उपदफा (१) बमोजिम सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानूनी दायित्व बहन गराउने गरी सजाय गरिने वा हानिनोक्सानी पुऱ्याउन पाइने छैन भन्ने व्यवस्था छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ मा भएको सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्था विशेष व्यवस्था हो । उक्त दफामा सार्वजनिक निकायमा कार्यरत कर्मचारीले सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानूनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु पर्ने दायित्व कायम गरेको पाइन्छ । यसबाट निज निवेदकको कार्यले सार्वजनिक निकायहरुमा हुने भ्रष्टाचार, अनियमितता रोक्न खोजेको स्पष्ट हुन्छ । यसरी सूचना दिने कर्मचारीमाथि सार्वजनिक निकायबाट हुनसक्ने कारबाहीबाट संरक्षण गर्न उपदफा (३) को व्यवस्था गरेको छ ।

प्रस्तुत विषयमा उजुरीकर्ताको निवेदन, विपक्षीको लिखित जवाफ, उजुरीकर्ताको थप निवेदन, प्रचलित कानून र प्राप्त प्रमाण कागजातहरुको आधारमा विश्लेषण गर्दा उजुरीकर्ता अमृत क्याम्पसका सहायक क्याम्पस प्रमुख श्री रविन्द्र सिंह महतले क्याम्पसमा भइरहेको बेथिति र अनियमितता बारेमा सूचना दिई क्याम्पसमा सुधार गर्न खोजेको प्राप्त कागजातहरुबाट पुष्टि हुने देखिन्छ । यस्तो कार्यलाई निरुत्साहित हैन प्रोत्साहित गरिनु हामी सबैको कर्तव्य हुन आउँछ । निज महतले सूचना दिएबापत निलम्बन तथा सहायक क्याम्पस प्रमुखको पद नै खोसिनु कानून विपरित हो भन्ने स्पष्ट देखिन्छ । पछिल्लो अवधिमा निजको निलम्बन फुकुवा भएको र सहायक क्याम्पस प्रमुख पदमा पुनर्वहाली भएको उजुरीकर्ताको मिति २०७९।०८।२० को निवेदनबाट देखिन्छ । तर, क्याम्पस प्रशासनले निलम्बन अवधिको पाउने सुविधा कटौति गरेको भनी निवेदनमा उल्लेख गरेको पाइन्छ । यस्तो कार्य सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (३) विपरित हुन जान्छ । तसर्थ, उजुरीकर्ता सहायक क्याम्पस प्रमुख श्री रविन्द्र सिंह महतले निलम्बन अवधिको कानून बमोजिम पाउने सुविधा कटौति लगायत अन्य कारबाही नगर्न नगराउन अमृत क्याम्पस, काठमाडौंका कार्यालय प्रमुखको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (५) बमोजिम आयोगबाटमिति २०७९ पुस ४ मा आदेश भएको छ ।

# राष्ट्रिय सूचना आयोग

**का. म. न. पा.-१०, बानेश्वर, देवीनगर**

सूचनाको हक सम्बन्धी ऐनले सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुने र सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानूनी दायित्व बहन गराउने गरी सजाय गरिने वा हानी नोक्सानी पुऱ्याउन पाइने छैन भन्ने व्यवस्था भएकोमा पहिलो पटक यस कानूनी व्यवस्थाको प्रयोग भएको छ र यसबाट सार्वजनिक निकायका कर्मचारीलाई सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिन प्रोत्साहित गर्ने विश्वास आयोगले गरेको छ ।

कमला ओली थापा<br>
प्रवक्ता<br>
सूचना आयुक्त

मिति २०७९ पुस ५ गते मंगलबार ।